औद्योगिक क्षेत्र व्यवस्थापन लिमिमटेड

# गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

रूपनी-५, सप्तरी

## जग्गा पट्टामा लिनको लागि शिलबन्दी प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावको नाम | जग्गा पट्टामा लिनको लागि शिलबन्दी प्रस्ताव |
| २ | प्रस्ताव आह्वान गर्ने कार्यालयको नाम | गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय |
| ३ | प्रस्ताव आह्वान गर्ने कार्यालयको ठेगाना | रुपनी गाउँपालिका वडा नं.५, बसबिट्टी, सप्तरी |
| ४ | प्रतिस्पर्धा गर्ने जग्गाको क्षेत्रफल र स्थान संकेत | प्रस्ताव फाराममा उल्लेख भएबमोजिम |
| ५ | प्रस्ताव फाराम दस्तुर (पछी फिर्ता नहुने) रु. | प्रति प्लटको रु.१,०००।०० (एकहजार) मात्र |
| ६ | प्रस्ताव आह्वान मितिः | |
| ७ | प्रस्ताव फाराम वितरण हुने अन्तिम मिति र समय | |
| ८ | प्रस्ताव फाराम बुझाउने अन्तिम मिति र समय | |
| ९ | प्रस्ताव फाराम बुझाउने स्थान | |
| १० | प्रस्ताव खोल्ने मिति र समय | |
| ११ | यस प्रस्ताव फारामको पाना संख्या | |

..........................

केशव प्रसाद पराजुली

कार्यालय प्रमुख

गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र

व्यवस्थापन कार्यालय

# जग्गा बहालमा लिनको लागि शिलबन्दी प्रस्ताव

गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रभित्रको जग्गा नियमानुसार पट्टामा दिनेसम्बन्धी तयार पारिएको सामान्य शर्त एवं सूचनाहरू, कार्यालयबाट तयार गरिएको यससम्बन्धी पुस्तिका र मिति ................ मा प्रकाशित सूचनाबाट जानकारी हुन आएको छ । कार्यालयबाट जारी भएको प्रस्तावसम्बन्धी सामान्य शर्त र प्रचलित नियमहरूलाई पालना गर्ने गरी यो शिलबन्दी प्रस्ताव पेश गरेका छौं ।

| | | |
|---|---|---|
| १ | प्रस्तावित उद्योगको नामः | |
| २ | ठेगानाः | |
| ३ | उत्पादनः | |
| ४ | उद्योग दर्ता गर्ने निकाय, दर्ता नं. र मिति<br>(दर्ता नभएको हकमा उल्लेख गर्न नपर्ने ) | |
| ५ | पट्टामा लिन चाहेको जग्गाको संकेत र क्षेत्रफलः | |
| ६ | प्रस्तावकले कबोल गरेको जम्मा प्रवेश शुल्कको २५प्रतिशतले हुने धरौटीवापत जम्मा गरेको रकम र मिति | अंकमा:<br><br>अक्षरमा: |
| ७ | धरौटी रकम जम्मा गरेको बैकको नाम र भौचर नं. | |
| ८ | उद्योगको छापः<br>(दर्ता नभएको उद्योगको हकमा छाप आवश्यक नपर्ने) | |

.............................
दस्तखत

सञ्चालकको नाम:
मिति:

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

# गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिमटेड, सञ्चालक समितिबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशनमा उल्लेखित जग्गामा उद्योग स्थापना गर्न प्रतिस्पर्धाको लागि प्रस्ताव तथा प्रतिबद्धता ।

१) प्रस्तावकको नाम:

२) प्रस्तावित उद्योगको उत्पादन:

३) उद्योगको कानूनी स्वरूप: पब्लिक कम्पनी/प्रा.लि./साझेदार/एकलौटी फर्म (टिक लगाउने) ( दर्ता नभएका उद्योगले प्रस्तावित भनि टिक लगाउने)

४) उद्योग दर्ता गर्ने: ( दर्ता भएको उद्योगको)

(क) निकाय: (ख) ठेगाना:

(ग) मिति: (घ) दर्ता नं.

<u>मूल्याङ्कनको आधारहरू</u>

| विषय/विवरण | प्रस्तावकले भर्ने |
|---|---|
| १) उद्योगको वर्ग/प्राथमिकता | |
| २) उद्योगको वित्तीय अवस्था:<br>क) पूंजी<br>ख) लगानी<br>ग) उत्पादन<br>घ) Payback अवधि<br>ङ) प्रक्षेपित नाफा | |
| ३) उद्योगको व्यवस्थापकीय क्षमता:<br>क) उद्योग व्यवसायमा लागेको वर्ष<br>ख) ज्ञान, सीप, शैलीसम्बन्धी संक्षिप्त विवरण | |
| ४) उद्योगले दिने रोजगारी संख्या | |
| ५) उद्योगले खपत गर्ने कच्चा पदार्थ र उत्पादित बस्तुको बजार:<br>क) कच्चा पदार्थ पाइने देश स्वदेश वा बिदेश ( प्रतिशतमा)<br>ख) उत्पादित वस्तुको बजार स्वदेश वा बिदेश ( | |

| | |
|---|---|
| प्रतिशतमा) | |
| ६) वातावरणमा पुऱ्याउने असरको मात्रा र न्यूनीकरण प्रतिबद्धता | |
| ७) उद्योगले कार्यालयसंग माग गर्ने विद्युत शक्ति क्षमता (केभिएमा) | |
| ८) उद्योगले माग गर्ने पानीको परिमाण मासिक (लिटरमा) | |
| ९) उद्योगले एकमुष्ठ बुझाउन कबोल गर्ने अधिकतम् प्रवेश शुल्क रकम रू....... **(प्रतिरोपनी)** | अंकमा:<br>अक्षरमा: |
| १०) प्रस्तावका सम्वन्धमा उद्योगीको प्रस्तुतीकरण | |

| | |
|---|---|
| उद्योगको नाम: ....................................................<br>ठेगाना: ...............................................................<br>फोन नं..............................................................<br>मुख्य सञ्चालक वा निजले तोकेको प्रतिनिधिको नाम:..................................<br>दस्तखत:..............................<br>सम्पर्क व्यक्तिको नाम:...............................<br>फोन नं.:.......................................<br>मिति:................................ | उद्योगको छाप<br><br>(दर्ता नभएको उद्योगको हकमा नपर्ने ) |

## गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय
## रूपनी-५, सप्तरी

## जग्गा पट्टामा दिन प्रस्ताव आह्वान सम्बन्धी विवरण
## Land Lease Proposal Document (LLPD)

गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको स्वामित्वमा रहेको देहायका जग्गा, औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ (संशोधनसमेत) र औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ (संशोधनसमेत) मा भएको व्यवस्थामा आधारित रहेर गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रभित्र रिक्त रहेको जग्गा पट्टामा दिने प्रयोजनका लागि *जग्गा प्रस्ताव आह्वान विवरण* तयार गरिएको छ । यस विवरणमा उल्लेख गरिएका सर्त एवं सूचनाहरू प्रस्तावकका लागि मान्य हुनेछ । यस विवरणमा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई "**कार्यालय**" र प्रस्तावित उद्योगको रूपमा उद्योग/फर्म/कम्पनी/व्यवसायी व्यक्तिलाई "**प्रस्तावक**" भनिने छ । "व्यवसायी व्यक्ति" भन्नाले दर्ता नभएका प्रस्तावित उद्योगलाई जनाउने छ ।

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| १. | जग्गा प्रस्ताव आह्वान | १.१ रिक्त रहेको विकसित जग्गा बहालमा दिनका लागि नियमावलीमा |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | प्रतिवेदनको उद्देश्य | व्यवस्था भएबमोजिम प्राथमिकता प्राप्त उद्योग/फर्म/कम्पनी/व्यवसायी व्यक्तिहरूबीच खुला प्रतिस्पर्धा गराई उत्कृष्ट प्रस्तावक छनौट गर्ने । |
| २. | जग्गा क्षेत्रफल | २.१ बहालमा दिन सकिने जग्गा नाप नक्सासहितको क्षेत्रफल यसैसाथ संलग्न गरिएको छ ।<br>२.२ समितिबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशनबमोजिम निश्चित समूह प्रस्तावकका लागि छुट्टाएको जग्गा (प्लट) प्राप्तीका लागि सोही समूहका प्रस्तावकले एक मात्र प्रस्ताव दर्ता गर्न पाउनेछ । |
| ३. | जग्गा बहालदर | ३.१ सञ्चालक समितिले समय समयमा निर्धारण गरेको जग्गा तथा भवन बहाल र सम्झौता नवीकरण शुल्क बुझाउनु पर्नेछ ।<br>३.२ जग्गा सम्झौता गर्दा एक वर्षको जग्गा बहाल अग्रिम दाखिला गर्नुपर्नेछ ।<br>३.३ **हाललाई जमिन** बहाल रू.१२०००।० (बाह्र हजार) मात्र प्रति रोपनी प्रति बर्ष (**उत्पादनमुलक** उद्योगको लागि) रहेको छ ।<br>३.४ जमीन बहाल कम्पनीको संचालक समितिले समय समयमा पुनरावलोकन गर्न सक्नेछ र नयाँ बहाल दर उद्योगलाई मान्य हुनेछ । |
| ४. | जग्गा सम्झौता अवधि | ४.१ पहिलोपटक जग्गा बहालमा दिंदा बढीमा ४० वर्षको सम्झौता अवधि हुनेछ ।<br>४.२ पहिलो सम्झौता अवधि व्यतित् भएपछि **दुवै पक्षको सहमति समझदारी र औचित्यका आधारमा** सम्झौता **नवीकरण** हुन **सक्नेछ** । |
| ५. | जग्गाको प्रबेश शुल्क | ५.१ जग्गा सम्झौता गर्दा प्रवेश शुल्कवापत एकपटकको लागि जग्गा प्रति रोपनी न्यूनतम् रू.१५,०००।- (पन्ध्र हजार) मात्र निर्धारण गरिएको छ ।<br>५.२ प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि तोकिएको प्रवेश शुल्कमा नघट्ने गरी बढी कबोल गर्न सक्नेछ । नियम १४ बमोजिम प्रवेश शुल्कलाई अंक प्राप्त गर्ने माध्यम् बनाइएको छ ।<br>५.३ आफुले कबोल गरेको जग्गा प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय वा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा तोकिएको बैंकमा जम्मा गरेको **बैंक** भौचर प्रस्ताव साथ संलग्न गर्नुपर्नेछ । |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| ६. | उद्योगको प्राथमिकताक्रम | क्षेत्रभित्र स्थापना हुने उद्योगको प्राथमिकताक्रमः<br>६.१ उत्पादनमूलक उद्योगअन्तर्गत कच्चा पदार्थ,सहायक कच्चा पदार्थ प्रयोग वा प्रशोधन गरी माल बस्तु उत्पादन गर्ने उद्योग,<br>६.२ कृषि तथा वन पैदावरमा आधारित फलफुल प्रशोधन, वस्तु उत्पादन र प्रशोधन, दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग, उत्पादन र शीत भण्डार सञ्चालन चल्ला काड्ने व्यवसाय, रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रशोधन उद्योग, जडिवुटी प्रशोधन उद्योग, काठ तथा वेतबाँसजन्य फर्निचर उद्योग,<br>६.३ खनिज तथा खनिजजन्य उद्योगहरु जस्तैः धातु वा अधातु खनिज प्रशोधन गर्ने उद्योगहरु ,<br>६.४ वस्तु उत्पादन गरी वस्तु निर्यात गर्ने निर्यातमूलक उद्योग,<br>६.५ उर्जामूलक उद्योगहरु जस्तैः सौर्य शक्ति वा अन्य स्रोतबाट,जलस्रोत,बायु,कोईला,प्राकृतिक तेल र ईन्धन वा ग्यास,बायोमास वा अन्य स्रोतहरुबाट उर्जा उत्पादन प्रशारण गर्ने प्रयोग गरिने मेशिन /उपकरण निर्माण गर्ने उद्योग, पेट्रोलियम तथा ग्यास भण्डारण एवं रिफिलिङ्ग प्लान्ट,<br>६.६ सेवामूलक उद्योगअन्तर्गत यान्त्रिक कार्यशाला (वर्कशप), छापाखाना तथा छपाई उद्योग,<br>६.७ अन्य उद्योगहरू जस्तै प्रदुषित पानी प्रशोधन केन्द्र, सफ्टवेयर विकास, प्राविधिक प्रशिक्षण तथा शिप विकास, वा यस्तै अन्य उद्योगहरू,<br>६.८ नेपाल सरकारले उद्योगको परिभाषा भित्र समेटेका अन्य उद्योगहरु,<br>६.९ उद्योगका लागि भनी छुट्याईएको औद्योगिक क्षेत्र भित्रको जग्गा तथा भवन भाडामा दिने सम्बन्धी नियमावलीमा सवारी साधनको मर्मत केन्द्र (सर्भिस सेन्टर वा वर्कशप) वा प्रदर्शनी जन्य उद्योगहरु प्राथमिकतामा नपर्ने भएकोले त्यस्ता उद्योगले प्रतिस्पर्धामा भाग लिन पाउने छैन । |
| ७. | प्रस्तावसाथ पेस गर्नुपर्ने कागजपत्रहरू | ७.१ उद्योग दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,<br>७.२ पुरानो उद्योगको हकमा विगत ३ वर्षको लेखापरीक्षण |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | भएको वित्तीय विवरण,<br>७.३ नयाँ उद्योगको हकमा ३ वर्षको प्रक्षेपित वित्तीय विवरण,<br>७.४ उद्योगको आर्थिक तथा भौतिक योजनासहितको व्यावसायिक योजना,<br>७.५ पुरानो उद्योगको हकमा पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा आय विवरण दाखिला गरेको प्रमाण,<br>७.६ उद्योग सञ्चालकहरूको परिचय खुल्ने विवरण र नागरिकताको प्रतिलिपि तथा विदेशीको हकमा राहदानी,<br>७.७ उद्योगको सम्भाब्यता अध्ययन प्रतिबेदन (Feasibility Study Report) । यस प्रतिबेदनमा देहायका कुराहरू स्पष्ट खुलेको हुनुपर्नेछ :<br>(क) प्राविधिक पक्ष: मिल मेशिनरीहरूको विवरण र पाइने मुलुक, त्यसले खपत गर्ने विद्युतको क्षमता (केभिएमा), पानी खपत क्षमता (मासिक खपत लिटरमा), कच्चा पदार्थ पाइने देश, उत्पादन क्षमता, उत्पादन हुने वस्तुहरूको विवरण, उत्पादित वस्तुहरूको बजारीकरण स्वदेश वा विदेश, मिल मेशिनरी तथा अन्य संरचनाहरू रहने भौतिक अवस्थिती (Factory Layout Plan),<br>(ख) वित्तीय विवरण: ३ वा सो भन्दा बढी वर्षको नाफा नोक्सानको प्रक्षेपित विवरण, Payback अवधि, वासलात, नगद प्रवाह विवरण, आवश्यक लगानी र यसको श्रोत,<br>७.८ प्रचलित कानुनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination, IEE) वा वातावरणीय प्रभाव मूल्याँकन (Environment Impact Assessment, EIA) गर्नुपर्ने भए सो को प्रतिबेदन । IEE अथवा EIA आवश्यक नपर्ने भए वातावरण स्वच्छ राख्ने उद्योगको प्रतिबद्धता ।<br>७.९ प्रस्तावित नयाँ उद्योगले IEE वा EIA गराउनु पर्ने भएमा उद्योग दर्ता गराउंदा उक्त परीक्षण गराई जग्गा सम्झौता गर्दा सो को प्रतिबेदन पेस गर्नुपर्नेछ । |
| ८. | उद्योग दर्ता नभएका उद्यमीहरूले पनि प्रस्ताव | ८.१ उद्योग सञ्चालन गर्न इजाजत प्राप्त गरिनसकेका उद्यमीहरूले पनि उद्योगको सम्भाब्यता अध्ययन प्रतिबेदनको |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | पेस गर्न पाउने | आधारमा प्रस्ताव आह्वान गर्दा प्रतिस्पर्धामा भाग लिन सक्नेछ ।<br>८.२ सामान्य सर्त एवं सूचना नं. ७ अन्तर्गतका ७.१, ७.२, ७.५ र IEE अथवा EIA बाहेक अन्य सबै विवरणहरू प्रस्तावसाथ **पेस** गर्नुपर्नेछ,<br>८.३ तर यसरी प्रस्ताव **पेस** गरी सारभूतरूपमा प्रभावग्राही उद्यमीले प्रस्ताव छनौट गर्ने आशयपत्र प्रकाशन भएको मितिले ५० दिनभित्र सम्बन्धित कार्यालयमा उद्योग दर्ता गरी कार्यालयमा दर्ता प्रमाणपत्रहरू **पेस** गरी सम्झौता गर्न आउनु पर्नेछ ।<br>८.४ तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।<br>८.५ प्रस्तावकले **पेस** गरेको सम्भाब्यता अध्ययन प्रतिबेदनमा उल्लेख भएका उद्योगसम्बन्धी विवरण जस्तै विद्युत तथा पानी खपत, रोजगारी संख्या, उत्पादन र त्यसको क्षमतालगायत अन्य विशेषताहरू उद्योग दर्ता प्रमाणपत्र**संग मेल खाने** हुनुपर्नेछ । |
| ९. | प्रस्ताव फाराम दस्तुर | ९.१ प्रस्तावकले तपशिलको शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी उक्त फाराम भरी प्रस्तावसाथ **पेस** गर्नुपर्नेछ ।<br>(क) १० रोपनी सम्मको जग्गाको लागि रू. १०००/- (एक हजार रूपैयाँ) |
| १०. | प्रस्ताव छनौटका लागि प्रस्ताव मूल्याङ्कन आधार र तरिका | १०.१ **पेस** हुन आएका प्रस्तावहरू ३५ दिनभित्र नियमावलीको नियम १४, निर्देशिकाको परिच्छेद २ को बुंदा नं. ४ को उपबुंदा नं. (३) को खण्ड (छ) बमोजिम अनुसूची १ बमोजिम प्रस्ताव मूल्याङ्कन गरिनेछ ।<br>१०.२ प्रस्तावको कुल अङ्कभार १०० कायम गरिएको छ । उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ । उत्तीर्णाङ्कमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उद्योगको प्रस्ताव छनौट गरिनेछ ।<br>१०.३ प्रस्ताव मूल्याङ्कन गर्ने प्रयोजनका लागि प्रस्तावक स्वयं वा निजको **आधिकारिक** प्रतिनिधिले मूल्याङ्कन समितिसमक्ष प्रस्तावित उद्योगको सम्बन्धमा प्रस्तुतिकरण गर्नुपर्नेछ । यसप्रकारको प्रस्तुतीकरण सकभर Power point प्रयोग गरी गर्न उत्तम हुनेछ । |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | १०.४ प्रस्ताव दर्ता भएकै कार्यालयमा प्रस्ताव खोलिने छ भने प्रस्ताव मूल्याङ्कन तथा प्रस्तुतीकरण चाहि गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयबाट जारी सूचना बमोजिम सोहि कार्यालयमा हुनेछ ।<br><br>**अनुसूची १**<br>(नियम १४ को उपनियम (४) को प्रयोजनका लागि)<br>**नियम १४ वमोजिम प्रस्ताव मूल्यांकनका आधारका लागि तोकिएको अंकको उपविभाजन देहायवमोजिम हुनेछः**<br><br>१. **नियम ६ वमोजिम प्राथमिकताक्रमको आधारमा प्राथमिकता समूहभित्र पर्ने उद्योग = अधिकतम १० (दश) अंक**<br>१.१ खण्ड (क) समूहभित्र पर्ने उद्योगहरूलाई १० (दश) अंक<br>१.२ खण्ड (ख) समूहभित्र पर्ने उद्योगहरूलाई ९ (नौ) अंक<br>१.३ खण्ड (ग) समूहभित्र पर्ने उद्योगहरूलाई ८ (आठ) अंक<br>१.४ खण्ड (घ) समूहभित्र पर्ने उद्योगहरूलाई ७ (सात) अंक<br>१.५ खण्ड (ङ) समूहभित्र पर्ने उद्योगहरूलाई ६ (छ) अंक<br>१.६ खण्ड (च) समूहभित्र पर्ने उद्योगहरूलाई ५ (पांच) अंक<br>१.७ खण्ड (छ) समूहभित्र पर्ने उद्योगहरूलाई ४ (चार) अंक र<br>१.८ खण्ड (ज) समूहभित्र पर्ने अरू उद्योगहरू ३ (तीन) अंक<br><br>२. **प्रस्तावित उद्योगको प्रक्षेपित आर्थिक विवरण (पूंजी, लगानी, अपेक्षित उत्पादन, प्रतिफल प्राप्त गर्ने (Pay Back) अवधि, प्रक्षेपित नाफा आदि) = अधिकतम ५ (पांच) अंक**<br>२.१ अतिउत्तम ५ (पांच) अंक<br>२.२ उत्तम ४ (चार) अंक<br>२.३ राम्रो ३ (तीन) अंक<br>२.४ सामान्य २ (दुई) अंक<br>२.५ कमसल १ (एक) अंक<br><br>३. **प्रस्तावित उद्योगको व्यवस्थापकीय क्षमता (क्षमता, खुवी, ज्ञान, सीप, शैली, जानकारी आदि) = अधिकतम ५ (पांच) अंक**<br>३.१ अतिउत्तम ५ (पांच) अंक |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | ३.२ उत्तम ४ (चार) अंक<br>३.३ राम्रो ३ (तीन) अंक<br>३.४ सामान्य २ (दुई) अंक<br>३.५ कमसल १ (एक) अंक<br><br>४. **प्रस्तावित उद्योगले दिने प्रत्यक्ष रोजगारी संख्या = अधिकतम ५ (पांच) अंक**<br>४.१ १०० जनाभन्दा बढी रोजगारी दिने भए ५ (पांच) अंक<br>४.२ ५१ देखि १०० जनासम्म रोजगारी दिने भए ४ (चार) अंक<br>४.३ २१ देखि ५० जनासम्म रोजगारी दिने भए ३ (तीन) अंक<br>४.४ २० जना वा सो भन्दा कम रोजगारी दिने भए २ (दुई) अंक<br>४.५ रोजगारी संख्या नखुलेको भए १ (एक) अंक<br><br>५. **उद्योगले खपत गर्ने कच्चा पदार्थ र उत्पादित बस्तुको बजार= अधिकतम ५ (पांच) अंक**<br>५.१ स्वदेशी कच्चापदार्थ प्रयोग गरी निर्यात गर्ने भए- ५ (पांच) अंक<br>५.२ स्वदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमै विक्री गर्ने भए- ४ (चार) अंक<br>५.३ विदेशी कच्चापदार्थ आयात गरी निर्यात गर्ने भए- ३ (तीन) अंक<br>५.४ विदेशी कच्चापदार्थ आयात गरी स्वदेशमै विकि गर्ने भए- २ (दुई) अंक<br>५.५ कच्चा पदार्थ र बस्तुको बजार नखुलेको भए- १ (एक) अंक<br><br>६. **प्रस्तावित उद्योगको वातावरणीय पक्ष = अधिकतम ५ (पांच) अंक**<br>६.१ न्यून प्रदुषण गर्ने ५ (पांच) अंक<br>६.२ सामान्य प्रदुषण गर्ने ४ (चार) अंक<br>६.३ प्रदुषण गर्ने तर सो न्यूनीकरणका उपाय अवलम्वन गर्ने प्रतिवद्धत्ता व्यक्त गरेको ३ (तीन) अंक<br>६.४ सामान्य भन्दा बढी प्रदुषण गर्ने २ (दुई) अंक |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | ७. **प्रस्तावित उद्योगले कार्यालयसंग माग गरेको विद्युत शक्ति क्षमता =अधिकतम २० (बीस) अंक)**<br>७.१ सवैभन्दा बढी विद्युत क्षमता माग गर्ने उद्योग- २० ( बीस) अंक,<br>७.२ त्यस पछि दोस्रो बढी विद्युत क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून क्षमता माग गर्ने पछिल्ला कममा उद्योगहरूलाई कमश: दुई अंकका दरले न्यून गर्दै जाने । (जस्तै: बढी माग गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौ ..कममा रहेका उद्योगलाई कमश: १८, १६, १४, १२..गर्दै जाने )<br>७.३ यसरी अंक न्यून गर्दै जांदा अंक २ मा पुगेपछि सो भन्दा पछिल्ला कममा रहेका सवै उद्योगहरूलाई समान रूपमा २ अंक प्रदान गर्ने अर्थात न्यूनतम् २ अंकभन्दा घटी दिन नपाइने ।<br><br>८. **प्रस्तावित उद्योगले कार्यालयसंग माग गरेको पानीको परिमाण वा क्षमता =अधिकतम १५ (पन्ध्र) अंक**<br>८.१ सवैभन्दा बढी पानी क्षमता वा परिमाण माग गर्ने उद्योग-१५ (पन्ध्र) अंक,<br>८.२ त्यस पछि दोस्रो बढी पानी क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून क्षमता माग गर्ने पछिल्ला कममा रहेका उद्योगहरूलाई कमश: दुई अंकका दरले न्यून गर्दै जाने । (जस्तै: बढी माग गर्ने पहिलो उद्योगलाई १५, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौ ..कममा रहेका उद्योगलाई कमश: १३, ११, ९, ७, गर्दै जाने)<br>८.३ तर पानीको आफ्नै स्रोत वा उत्पादन नभएको औद्योगिक क्षेत्रहरूको हकमा पानी खपत सवै भन्दा न्यून गर्ने उद्योगलाई अधिकतम १५(पन्ध्र) अंक दिई सोही आधारमा पछिल्ला स्थानमा रहेका उद्योगहरूलाई कमश: दुई अंकका दरले न्यून गर्दै जाने ।<br>८.४ यसरी अंक न्यून गर्दै जांदा अंक १ मा पुगेपछि सो भन्दा पछिल्ला कममा रहेका सवै उद्योगहरूलाई समान रूपमा १ अंक प्रदान गर्ने अर्थात न्यूनत्तम १ अंकभन्दा घटी दिन नपाइने । |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
| --- | --- | --- |
| | | ९. **उद्योगले एक मुष्ठ बुझाउन कबोल गर्ने प्रवेश शुल्क रकम = अधिकतम २० (वीस) अंक**<br>९.१ सवैभन्दा बढी प्रवेश शुल्क बुझाउन कबोल गर्ने उद्योग–२० (बीस) अंक,<br>९.२ त्यस पछि दोस्रो बढी रकम कवोल गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून रकम कबोल गर्ने पछिल्ला कममा रहेका उद्योगहरूलाई कमश: दुई अंकका दरले न्यून गर्दै जाने । (जस्तै: बढी कबोल गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौ .. कममा रहेका उद्योगलाई कमश: १८, १६, १४, १२.. गर्दै जाने)<br>९.३ यसरी अंक न्यून गर्दै जांदा अंक २ मा पुगेपछि सो भन्दा पछिल्ला कममा रहेका सवै उद्योगहरूलाई समान रूपमा २ अंक प्रदान गर्ने अर्थात न्यूनत्तम २ अंकभन्दा घटी दिन नपाइने ।<br><br>**१०.औद्योगिक क्षेत्रभित्र संचालित उद्योगको संचालकले उद्योगको क्षमता विस्तार वा थप उद्योग स्थापनाका लागि जग्गा भाडामा लिन माग गरेको भए = अधिकतम ५ (पांच) अंक**<br>१०.१ साविकका संचालक सम्पूण रूपमा संलग्न रहेको भए - ५ (पाँच) अंक<br>१०.२ साविकका सचालक अधिकांशरूपमा संलग्न रहेको भए - ४ (चार) अंक<br>१०.३ साविकका कुनै संचालक संलग्न रहेको भए - ३ (तीन) अंक<br><br>**११. प्रस्तावका सम्वन्धमा उद्योगीको प्रस्तुतीकरण = अधिकतम ५ (पांच) अंक**<br>११.१ काम गर्ने विधि र प्रविधिको प्रयोग-<br>धेरै राम्रो – २ अंक, राम्रो –१.५ अंक, सामान्य –१ अंक<br>११.२ कार्य योजना-<br>धेरै राम्रो –२ अंक, राम्रो –१.५ अंक, सामान्य –१ अंक<br>११.३ प्रस्तुतीउपर विश्वसनियता-<br>धेरै राम्रो –१ अंक, राम्रो –०.५ अंक सामान्य - ०.२५ अंक<br>**जम्मा १०० (एक सय) अंक** |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| ११. | प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार | ११.१ रितपूर्वक पेश हुन आएका प्रस्तावहरू मूल्याङ्कन गर्ने प्रयोजनका लागि नियम १३ बमोजिम गठित मूल्याङ्कन समितिसमक्ष पेश हुनेछ ।<br>११.२ रितपूर्वक पेश हुन आएका प्रस्तावहरू नियम १४ बमोजिम मूल्याङ्कन गरिनेछ ।<br>११.३ नियम ३४ बमोजिमको अख्तियारीप्राप्त पदाधिकारी वा निकायले नियम १५ मा उल्लेखित अवस्था आएमा सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा भाडा दिनेसम्बन्धी कारवाही रद्द गर्न सक्नेछ । |
| १२. | प्रस्तावको स्वीकृति | १२.१ कार्यालयले नियम १४ बमोजिम अधिकतम् अङ्कभार भएको सारभूतरूपमा प्रभावग्राही प्रस्तावकको उद्योग स्वीकृतिका लागि छनौट गर्नेछ ।<br>१२.२ प्रस्ताव छनौट भएको १५ दिनभित्र उद्योगको प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना गरिनेछ ।<br>१२.३ प्रस्ताव छनौट भएको आशयको सूचना दिएको ७ दिनभित्र निर्णयमा चित्त नबुझ्ने पक्षले समितिसमक्ष निबेदन दिन सक्नेछ । समितिले सो विषयमा छानविन तथा निर्णय गरी कार्यान्वयनका लागि कार्यालयमा पठाउनेछ । यस सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।<br>१२.४ सूचना दिएको म्यादभित्र बुंदा नं. १२.३ बमोजिम निबेदन नगरेमा वा निबेदन परी समितिले निर्णय गरिसकेपछि छनौट भएको उद्योगको प्रस्ताव स्वीकृत गरी निजलाई ३५ दिनभित्र सम्झौता गर्नको लागि प्रस्तावमा कबोल गरेको प्रबेश शुल्क दाखिला गर्न सूचना दिईनेछ ।<br>१२.५ सर्त नं. १२.४ बमोजिमका उद्योग म्यादभित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको अधिकतम् अंकभार भएको उद्योगलाई कबोल गरेको प्रबेश शुल्क रकम दाखिला गरी सम्झौता गर्न आउन ३५ दिने सूचना दिइनेछ ।<br>१२.६ सो उद्योग पनि सम्झौता गर्न नआएमा अधिकतम् अङ्कभारको आधारमा अन्य उद्योगलाई क्रमैसंग सूचित गरिनेछ ।<br>१२.७ छनौट भएका उद्योगसंग सम्झौता भएपश्चात छनौटमा नपरेका उद्योगहरूलाई उनीहरूले जम्मा गरेको धरौटी |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | रकम फिर्ता गरिनेछ ।<br>१२.८ प्रस्ताव आह्वान गर्दा एउटा मात्र प्रस्ताव पर्न आएमा पनि सो प्रस्ताव सारभूतरूपमा प्रभावग्राही छ भनेप्रस्ताव स्वीकार गर्न सकिनेछ । |
| १३. | सम्झौता तथा उद्योग विक्री हस्तान्तरण | १३.१ छनौट भएका उद्योग तथा कार्यालयबीच नियम १७ बमोजिम जग्गा सम्झौता गरिनेछ । सम्झौतामा उल्लेख भएका सर्तहरू दुबैपक्षका लागि मान्य हुनेछ ।<br>१३.२ नियम २९ मा जेसुकै कुरा उल्लेख भएता पनि सम्झौता गरी बहालमा लिएको जग्गा सम्झौता गरेको मितिले २ वर्ष सम्म कुनै संरचना नबनी जग्गा खाली रहेमा फिर्ता गर्न पर्नेछ । बनेका संरचनाहरुमा उद्योग संचालन गरेको २ वर्ष नपुगी विक्री हस्तान्तरण वा जग्गा तथा भवन नामसारी गर्न पाइने छैन । संरचनाहरु बनेको तर सम्झौता बमोजिम २ वर्ष भित्र संचालन नभएको र मनासिब म्याद थप पनि नभएको उद्योगले आफ्ना संरचनाहरु भत्काई जमिन खाली गरेको जानकारी दिनुपर्नेछ, अन्यथा सो जमिनमा भएका सम्पत्ति विना शर्त कब्जा गरि कार्यालयले नियमानुसार जग्गा अन्य उद्योगलाई भाडामा दिन बाधा पर्ने छैन। |
| १४. | भौतिक संरचना निर्माण गर्न स्वीकृति लिनुपर्ने | १४.१ कार्यालयले निर्धारण गरेको एवं नेपाल सरकारको स्वीकृत निर्माण मापदण्डको परिधिभित्र रहेर कारखाना भवनलगायत अन्य संरचनाहरू निर्माण गर्नुपर्नेछ । |
| १५. | विद्युत तथा पानी आपूर्ति व्यवस्था | १५.१ औ.क्षे.व्य.लि. विद्युत नियमावली, २०५९ (संशोधन) बमोजिम उद्योगमा विद्युत जडान तथा आपूर्ति व्यवस्था मिलाईनेछ ।<br>१५.२ औ.क्षे.व्य.लि. विद्युत नियमावली, २०५९ (संशोधन) मा भएको व्यवस्थाअनुसार उद्योगले खपत गरेको विद्युतको मासिक महशुल, ढिला गरी बुझाएमा लाग्ने जरिवाना, तोकिएको समयभित्र महशुल बुझाएमा पाउने छुट, तोकिएको समयभित्र महशुल नबुझाएमा विद्युतलाईन विच्छेद गरिने र अन्य शुल्क लगाइनेछ ।<br>१५.३ छनौट भएको उद्योगले प्रस्तावसाथ माग गरेको विद्युत |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | क्षमता जडान गर्नुपर्नेछ । उक्त जडित विद्युत क्षमता उद्योग संचालन भएको दुई वर्षसम्म घटाउन पाउने छैन ।<br>१५.४ कार्यालयले स्थापित उद्योगको सिमानासम्म पानीको मुख्य वितरण पाइप लाईन पुऱ्याइदिनेछ । मुख्य वितरण पाइप लाईनदेखि उद्योगले आफ्नै खर्चमा धारा जडान गर्नुपर्नेछ ।<br>१५.५ छनौट भएको उद्योगले प्रस्तावसाथ माग गरेको पानी क्षमता जडान गर्नुपर्नेछ । उक्त जडित पानी क्षमता २ वर्षसम्म घटाउन पाउने छैन ।<br>१५.६ पानी वितरणसम्बन्धी जडान शुल्क, महशुल तथा अन्य व्यवस्थाहरू काठमाण्डौ उपत्यकाभित्र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र काठमाण्डौ उपत्यकाबाहिर नेपाल खानेपानी संस्थान र यस कम्पनीद्वारा समय समयमा जारी भएको वा हुने नियम, निर्णय एवं निर्देशनबमोजिम हुनेछ । |
| १६. | प्रस्ताव पेस गर्ने तरिका | १६.१ प्रस्तावक वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहीछाप तथा शिलवन्दी गरी प्रस्तावक आफैंले वा आफ्नो प्रतिनिधिमार्फत हुलाक वा कुरियर मार्फत निर्धारित ढांचामा प्रस्ताव पेस गर्नुपर्ने, तोकिएको स्थानमा अन्तिम मिति र समयभित्रै पेस गर्नु पर्नेछ ।<br>१६.२ म्याद नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावकलाई फिर्ता गरिने छ । |
| १७. | प्रस्ताव फिर्ता तथा संशोधन | १७.१ प्रस्तावकले पेस गरेको प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न प्रस्ताव पेस गर्ने अन्तिम मिति र समय समाप्त हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै सम्बन्धित कार्यालयमा शिलवन्दी निवेदन दिन सक्नेछ ।<br>१७.२ कार्यालयले नै संशोधन गरेको कारणबाट दर्ता भइ सकेको प्रस्ताव संशोधन गर्नु पर्ने अवस्थामा बाहेक निवेदन एक पटक भन्दा बढी दिन पाइने छैन ।<br>१७.३ निवेदन दिइ एक पटक संशोधन भइसकेको प्रस्ताव फिर्ता लिन सकिनेछैन ।<br>१७.४ प्रस्ताव फिर्ता वा संशोधन गर्न चाहने प्रस्तावकले |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | प्रस्तावको विषय, प्रस्ताव संशोधन वा फिर्ता माग गरिएको विषय, प्रस्ताव खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने व्यहोरा एवं प्रस्तावकको नाम, ठेगाना उल्लेख गर्नुपर्नेछ । |
| १८. | प्रस्ताव खोल्ने | १८.१ प्राप्त भएका प्रस्तावहरू कार्यालयले प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा खोल्नु पर्नेछ । तर प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।<br>१८.२ प्रस्ताव खोल्नु अगाडि कार्यालयले म्याद नाघी प्राप्त हुन आएको प्रस्तावको खाम, प्रस्ताव फिर्ता वा संशोधन गर्नको लागि दिइएको निवेदनको खाम र रितपूर्वक दर्ता भएका प्रस्तावको खामलाई छुट्टाई म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव नखोली सम्बन्धित प्रस्तावकलाई फिर्ता गरिने छ । यसरी फिर्ता गर्दा सोको व्यहोरा, मिति र समयसमेत खुलाई प्रस्तावमाथिको कारबाहीको प्रतिवेदन तयार गर्नु पर्नेछ ।<br>१८.३ प्रस्तावकले फिर्ता गर्न माग गरेको प्रस्तावको खाम खोली त्यस्तो प्रस्तावको नाम पढेर सुनाउनु पर्नेछ र त्यसपछि प्रस्ताव संशोधन गर्नको लागि दिइएका सबै खाम खोली त्यस्ता खामभित्र रहेको व्यहोरा पढेर सुनाउनु पर्नेछ ।<br>१८.४ प्रस्ताव फिर्ता वा संशोधनको व्यहोरा पढी सकेपछि कार्यालयले दाखिला भएका प्रस्ताव क्रमैसंग खोली त्यस्तो प्रस्तावको देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ :-<br>(क) प्रस्तावदाताको नाम र ठेगाना,<br>(ख) प्रवेश शुल्कको कबोल अङ्क, (अङ्क तथा अक्षरमा)<br>(ग) प्रस्तावमा कुनै थप फाइदा दिन प्रस्ताव गरेको भए सोको कबोल अङ्क,<br>(घ) प्राविधिक स्पेसिफिकेशनको विकल्प प्रस्ताव गरिएको भए सोको विवरण,<br>(ङ) धरौटी रकम जम्मा भए नभएको,<br>(च) अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण,<br>(छ) प्रस्ताव फाराममा प्रस्तावदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | (ज) प्रस्तावसम्बन्धी कागजातमा सच्याइएको वा केरमेट गरिएको भए सोको व्यहोरा,<br>(झ) प्रस्ताव फाराममा प्रस्तावदाताले कुनै कैफियत उल्लेख गरेको भए सोको व्यहोरा । |
| १९. | प्रस्तावउपर कारवाही नहुने | १९.१ शिलवन्दी भई नआएको,<br>१९.२ म्यादभित्र पेश हुन नआएको,<br>१९.३ फिर्ता लिएको प्रस्ताव,<br>१९.४ अयोग्य प्रस्ताव,<br>१९.५ आपसमा मिलेमतो गरी दाखिला भएको,<br>१९.६ रद्द भएको प्रस्ताव,<br>१९.७ सर्तसहितको प्रस्ताव । |

## अनुसूची १
(नियम १४ को उपनियम (४) को प्रयोजनका लागि)

नियम १४ वमोजिम प्रस्ताव मूल्यांकनका आधारका लागि तोकिएको अंकको उपविभाजन देहायवमोजिम हुनेछः

(क) नियम ६ वमोजिम प्राथमिकताक्रमको आधारमा प्राथमिकता समूह भित्र पर्ने उद्योग – अधिकतम् १० (दश) अंक

(१) खण्ड (क) समूहभित्र पर्ने उद्योगहरूलाई १० (दश) अंक
(२) खण्ड (ख) समूहभित्र पर्ने उद्योगहरूलाई ९ (नौ) अंक
(३) खण्ड (ग) समूहभित्र पर्ने उद्योगहरूलाई ८ (आठ) अंक
(४) खण्ड (घ) समूहभित्र पर्ने उद्योगहरूलाई ७ (सात) अंक
(५) खण्ड (ङ) समूहभित्र पर्ने उद्योगहरूलाई ६ (छ) अंक
(६) खण्ड (च) समूहभित्र पर्ने उद्योगहरूलाई ५ (पांच) अंक
(७) खण्ड (छ) समूहभित्र पर्ने उद्योगहरूलाई ४ (चार) अंक र
(८) खण्ड (ज) समूहभित्र पर्ने अरू उद्योगहरूलाई ३ (तीन) अंक

(ख) प्रस्तावित उद्योगको प्रक्षेपित आर्थिक विवरण (पूंजी, लगानी, अपेक्षित उत्पादन, प्रतिफल प्राप्त गर्ने (**Pay Back**) अवधि, प्रक्षेपित नाफा आदि) -- अधिकतम् ५ (पांच) अंक

(१) अतिउत्तम ५ (पांच) अंक
(२) उत्तम ४ (चार) अंक
(३) राम्रो ३ (तीन) अंक
(४) सामान्य २ (दुई) अंक
(५) कमसल १ (एक) अंक

(ग) प्रस्तावित उद्योगको व्यवस्थापकीय क्षमता(क्षमता, खुवी, ज्ञान, सीप, शैली, जानकारी आदि) -- अधिकतम् ५ (पांच) अंक

(१) अतिउत्तम ५ (पांच) अंक
(२) उत्तम ४ (चार) अंक
(३) राम्रो ३ (तीन) अंक
(४) सामान्य २ (दुई) अंक
(५) कमसल १ (एक) अंक

(घ) प्रस्तावित उद्योगले दिने प्रत्यक्ष रोजगारी संख्या -- अधिकतम् ५(पांच) अंक,

(१) १०० जनाभन्दा बढी रोजगारी दिने भए ५ (पांच) अंक
(२) ५१ देखि १०० जनासम्म रोजगारी दिने भए ४ (चार) अंक
(३) २१ देखि ५० जनासम्म रोजगारी दिने भए ३ (तीन) अंक
(४) २० जना वा सो भन्दा कम रोजगारी दिने भए २ (दुई) अंक
(५) रोजगारी संख्या नखुलेको भए १ (एक) अंक

(ङ) उद्योगले खपत गर्ने कच्चा पदार्थ र उत्पादित बस्तुको बजार -- अधिकतम् ५ (पांच) अंक

(१) स्वदेशी कच्चापदार्थ प्रयोग गरी निर्यात गर्ने भए ५ (पांच) अंक
(२) स्वदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमै विक्रि गर्ने भए ४ (चार) अंक
(३) विदेशी कच्चापदार्थ आयात गरी निर्यात गर्ने भए ३ (तीन) अंक
(४) विदेशी कच्चापदार्थ आयात गरी स्वदेशमै विक्रि गर्ने भए २ (दुई) अंक
(५) कच्चा पदार्थ र बस्तुको बजार नखुलेको भए १ (एक) अंक

(च) प्रस्तावित उद्योगको वातावरणीय पक्ष -- अधिकतम् ५ (पांच) अंक

(१) न्यून प्रदुषण गर्ने ५ (पांच) अंक
(२) सामान्य प्रदुषण गर्ने ४ (चार) अंक
(३) प्रदुषण गर्ने तर सो न्यूनीकरणका उपाय आवलम्वन गर्ने प्रतिवद्धता व्यक्त गरेको ३ (तीन) अंक
(४) सामान्य भन्दा बढी प्रदुषण गर्ने २ (दुई) अंक

(छ) प्रस्तावित उद्योगले कार्यालयसंग माग गरेको विद्युत शक्ति क्षमता -- अधिकतम् २० (बीस) अंक

(१) सवैभन्दा बढी विद्युत क्षमता माग गर्ने उद्योग – २० (बीस) अंक

(२) त्यस पछि दोस्रो बढी विद्युत क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून क्षमता माग गर्ने पछिल्ला क्रममा उद्योगहरूलाई क्रमशः दुई अंकका दरले न्यून गर्दै जाने । (जस्तैः बढी माग गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौ, .. क्रममा रहेका उद्योगलाई क्रमशः १८, १६, १४, १२, .. गर्दै जाने )
(३) यसरी अंक न्यून गर्दै जांदा अंक २ मा पुगेपछि सो भन्दा पछिल्ला क्रममा रहेका सवै उद्योगहरूलाई समान रूपमा २ अंक प्रदान गर्ने अर्थात न्यूनत्तम २ अंकभन्दा घटि दिन नपाइने ।

(ज) प्रस्तावित उद्योगले कार्यालयसंग माग गरेको पानीको परिमाण वा क्षमता –
अधिकतम् १५ (पन्ध्र) अंक

(१) सवैभन्दा बढी पानी क्षमता वा परिमाण माग गर्ने उद्योग – १५ (पन्ध्र) अंक,
(२) त्यस पछि दोस्रो बढी पानी क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून क्षमता माग गर्ने पछिल्ला क्रममा रहेका उद्योगहरूलाई क्रमशः दुई अंकका दरले न्यून गर्दै जाने । (जस्तैः बढी माग गर्ने पहिलो उद्योगलाई १५, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौं, ..... क्रममा रहेका उद्योगलाई क्रमशः १३, ११, ९, ७, ... गर्दै जाने)
(३) तर पानीको आफ्नै स्रोत वा उत्पादन नभएको औद्योगिक क्षेत्रहरूको हकमा पानी खपत सवै भन्दा न्यून गर्ने उद्योगलाई अधिकतम १५(पन्ध्र) अंक दिई सोही आधारमा पछिल्ला स्थानमा रहेका उद्योगहरूलाई क्रमशः दुई अंकका दरले न्यून गर्दै जाने ।
(४) यसरी अंक न्यून गर्दै जांदा अंक १ मा पुगेपछि सो भन्दा पछिल्ला क्रममा रहेका सवै उद्योगहरूलाई समान रूपमा १ अंक प्रदान गर्ने अर्थात न्यूनतम् १ अंकभन्दा घटी दिन नपाइने ।

(झ) उद्योगले एक मुष्ठ बुझाउन कबोल गर्ने प्रवेश शुल्क रकम -- अधिकतम् २० (वीस) अंक,

(१) सवैभन्दा बढी प्रवेश शुल्क बुझाउन कबोल गर्ने उद्योग – २० (बीस) अंक,
(२) त्यस पछि दोस्रो बढी रकम कवोल गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अंक न्यून गर्ने र सोहीवमोजिम न्यून रकम कबोल गर्ने पछिल्ला क्रममा रहेका उद्योगहरूलाई क्रमशः दुई अंकका दरले न्यून गर्दै जाने ।(जस्तैः बढी कबोल गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पांचौ ..क्रममा रहेका उद्योगलाई क्रमशः १८, १६, १४, १२..गर्दै जाने)
(३) यसरी अंक न्यून गर्दै जांदा अंक २ मा पुगेपछि सो भन्दा पछिल्ला क्रममा रहेका सवै उद्योगहरूलाई समान रूपमा २ अंक प्रदान गर्ने अर्थात न्यूनत्तम २ अंकभन्दा घटि दिन नपाइने ।

(ञ) औद्योगिक क्षेत्रभित्र संचालित उद्योगको संचालकले उद्योगको क्षमता विस्तार वा थप उद्योग स्थापनाका लागि जग्गा भाडामा लिन माग गरेको भए -- अधिकतम् ५ (पाँच) अंक

(१) साविकका संन्चालक सम्पुर्ण रूपमा संलग्न रहेको भए ...... ५ (पाँच) अंक

(२) साविकका संचालक अधिकांश रूपमा संलग्न रहेको भए ..... ४ (चार) अंक
(३) साविकका कुनै संचालक संलग्न रहेको भए .......... ३ (तीन) अंक

**(ट) प्रस्तावका सम्वन्धमा उद्योगीको प्रस्तुतीकरण -- अधिकतम ५ (पांच) अंक**

(१) काम गर्ने विधि र प्रविधिको प्रयोग - धेरै राम्रो - २ राम्रो - १.५ सामान्य - १ अंक
(२) कार्ययोजना - धेरै राम्रो - २ राम्रो - १.५ सामान्य - १ अंक
(३) प्रस्तुतीउपर विश्वसनियता - धेरै राम्रो - १ राम्रो - ०.५ सामान्य - ०.२५ अंक

**जम्मा १०० (एक सय) अंक**